# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, चैत १८ गते २०४७ साल (संख्या ५०


## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले आर्थिक ऐन, २०४५ को दफा १५.२ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी शहरी क्षेत्रको वर्गीकरण गरी नसकिएको देहायका नगरपालिकाहरूका देहाय सिमानाका जगाहरू भूमिकरको प्रयोजनको लागि (ख) वर्गको तोकी सोही ऐनको दफा १६.३ ले दिएको अधिकार प्रयोग गरी रजिष्ट्रेशन दस्तुरको प्रयोजनको लागि समेत थप सिमाना कायम गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

१. जनकपुर नगरपालिका

जनकपुर नगरपालिकामा साबिकमा लागू भई बाँकी रहेको जनकपुर नगरपालिकाको सम्पूर्ण क्षेत्र।

२. भरतपुर नगरपालिका

(क) भरतपुर नगरपालिकामा साबिकमा लागू भएको क्षेत्रमा थप, साबिक नारायणगढ वा. नं. ६ (ख) मध्ये साबिक शहरी क्षेत्र कायम भै बाँकी रहेको ६ (ख) नक्साभित्रका सम्पूर्ण जगाहरू। (ख) साबिक भरतपुर वा.नं. ५ (घ) को नक्साभित्रको सम्पूर्ण जगाहरू।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।